# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार २४ गते २०३१ साल

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले जिल्ला पञ्चायत कार्यालय, सिराहाको प्रशासकीय भवन निर्माणको निमित्त सगरमाथा अञ्चल, सिराहा जिल्ला, महिसोथा गाउँ पञ्चायत वडा नं. ३ मा पर्ने निम्न-लिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व कि.नं. ११८ र ११२, पश्चिम कि.नं. १६० र १६१, उत्तर कि.नं. १२५, १२६, १२७ र १२८, दक्षिण कि.नं. १९८,१९९,१९५,१९४,१७८,१७६ र १७५ को जग्गाको साँध भित्र ४ किल्लाभित्रको कि.नं. २५६६ को ०–३–१४ पूरै, कि.नं. २५६८ को ०–१–१० पूरै, कि.नं. २५६९ को ०–१–५ पूरै, कि.नं. २५७० को ०–४–३ पूरै, कि.नं २५८४ को ०–०–१८ पूरै, कि.नं. २५८९ को ०–५–५ पूरै, कि.नं. २५०१ को ०–७–१ पूरै, कि.नं. २५९१ को ०–०–१८ पूरै समेत गरी जम्मा जग्गा बिगहा १–४–१४ (एक बिगहा चार कट्ठा चौध धुर) जग्गाको मालपोत रू. ५९।१८ (उनसट्ठी रूपैयाँ अठार पैसा) लागेको जग्गा कित्ता – – – – – – – – – –

आज्ञाले–

शेरबहादुर शाही

श्री ५ को सरकारको सचिव

297



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

२९५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।